प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ११२ ॥ २०८१ जेठ १९ गते शनिबार (1st Jun 2024 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

प्रेम सम्बन्धकै कारण झापामा अर्को घटना

एनिकापछि श्रेयामाथि आक्रमण

झापा(प्रस) । प्रेम सम्बन्धमा खटपट भएका कारण झापामा अर्को अप्रिय घटना भएको छ। दमकमा एक छात्रामाथि गोली प्रहारको घटना भएको एक महिना नबित्दै भद्रपुरमा शुक्रवार प्रेम सम्बन्धमा खटपट भएकै कारण अर्की छात्रामाथि पनि धारिलो हतियार प्रहार भएको छ। भद्रपुरकी एक युवतीमाथि धारिलो हतियार (दाउ) प्रहार गरिएको हो। भद्रपुर नगरपालिका -९ घोडामारास्थित शान्तिटोल निवासी १७ वर्षीया श्रेया राईमाथि भद्रपुर- ६ भानुभोक निवासी १८ वर्षीय अभिषेक कर्णले शुक्रबार बिहान पौने ११ बजे दाउ प्रहार गरेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । दाउ प्रहारबाट श्रेयाको टाउको र दुवै हातमा गम्भीर चोट लागेको छ। उनको भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलमा उपचार भइरहेको छ । घोडामारा प्रहरी चौकीले दाउ प्रहार गर्ने अभिषेकलाई घटनास्थलबाटै पक्राउ गरी जिल्ला प्रहरी कार्यालय झापामा ल्याएको र घटनाको बारेमा थप अनुसन्धान भइरहेको डीएसपी चन्दले बताए। प्रहरीका अनुसार श्रेया एसएस निकेतन अंग्रेजी माविमा कक्षा ११ मा अध्ययनरत छात्रा हुन् ।

विद्यालयबाट कक्षा ११ को वार्षिक परीक्षा दिएर श्रेया स्कुल बस चढेर घर फर्किएकी थिइन् । बसबाट ओर्लिएर घरतर्फ हिडेर गइरहेकी श्रेयामाथि अभिषेकले बाटो छेकेर एक्कासि दाउ प्रहार गरेका थिए। पक्राउ परेका अभिषेकले श्रेया आफ्नी प्रेमिका भएको र प्रेम सम्बन्धमा विवाद बढेपछि दाउ प्रहार गरेको प्रहरीसमक्ष बयान दिएको जनाइएको छ ।

अभिषेक पनि एसएस निकेतनमा पढ्थे। कक्षा १२ को परीक्षा दिएर उनी घर बसिरहेका थिए । यस्तो घटना घटेपछि एसएस निकेतनका शिक्षक तथा विद्यार्थीहरू चकित परेका छन्। 'दुवै विद्यार्थी सरल स्वभावका हुन्,' विद्यालयका प्रिन्सिपल दीप श्रेष्ठले भने, 'अभिषेकले कल्पना गर्न नसक्ने घटना घटायो ।' श्रेयामाथि दाउ प्रहार गर्ने घटना दुःखद भएको उनको भनाई छ । यसअघि गत बैशाख २१ गते दमकमा परीक्षा दिएर फर्किंदै गरेकी छात्रामाथि गोली प्रहार भएको थियो । उदयपुर घर भई दमकमा डेरा गरी बस्दै आएकी एनिका अधिकारी (निशा) माथि गोली प्रहार भएको थियो । दमकस्थित हिमाली माविबाट कक्षा १२ को परीक्षा दिएर कोठातर्फ गइरहेकी एनिकामाथि दमक-५ स्थित ज्येष्ठ नागरिक प्रतिष्ठाननजिकै गोली प्रहार भएको हो। उनीमाथि सिरहा घर भएका अमितकुमार यादवले गोली प्रहार गरेको प्रहरीले जनाएको छ । एनिकाले केही समयअघि यादवविरुद्ध उदयपुर जिल्ला अदालतमा बलात्कार र मानव बेचबिखनको मुद्दा दायर गरेको अनुसन्धानको क्रममा खुलेको छ । उनै यादवले एनिकामाथि गोली प्रहार गरेको हुनसक्ने प्रहरीले अनुमान गरेको छ। आरोपी यादवलाई खोजी गरिरहेको प्रहरीले बताएपनि अहिलेसम्म फेला पार्न सकेको छैन ।

५३ बोरा सुपारीसहित बोलेरो नियन्त्रणमा

झापा(प्रस) । प्रहरीले राजश्व छलेको ५३ वटा बोरा सुपारीसहित बोलेरो नियन्त्रणमा लिएको छ । नेपालमा उत्पादित उसिनेको २ हजार ३७८ के.जी. सुपारीसहित प्रदेश १-०१-००१ च ७१२५ नम्वरको पिकअप बोलेरो र गाडी चालक बुद्धशान्ति गाउँपालिका ३ बस्ने ४१ वर्षीय युवराज उप्रेतीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । शुक्रवार दिउँसो १:४० बजेको समयमा मेचीनगर नगरपालिका वडा नम्वर ६ भट्टराई चौकमा राजश्व छली नेपालमा उत्पादित सुपारी ओसारपसार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट प्रहरी नायव उपरीक्षक मिमबहादुर लामाको कमाण्डमा खटिएको प्रहरी टोलीले ईटाभट्टाबाट काँकरभिट्टातर्फ आउँदै गरेको त्यस पिकअप बोलेरो गाडीलाई शंका लागेर चेकजाँच गरेको थियो । त्यसक्रममा उक्त गाडीमा भीसीटीएस पानबिलमा १२ लाख २५ हजार बराबरको विल भएता पनि आधिकारिक भीसीटीएस अनलाईन बिल थिएन । नियन्त्रणमा लिइएको सुपारीसहित गाडी र गाडी चालकलाई कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय ईटहरी पठाईएको र सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको झापा प्रहरीका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

'लू' को जोखिम कायमै

झापा(प्रस) । अघिल्ला दिनझैँ शुक्रबार पनि देशभरका विभिन्न चार स्थानमा अधिकतम् तापक्रम ४० डिग्री सेल्सियस माथि मापन भएको छ। शुक्रबार नेपालगञ्जमा सबैभन्दा बढी अधिकतम तापक्रम ४३ डिग्री सेल्सियस मापन भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। जुन बिहीबारको भन्दा १.२ डिग्री सेल्सियसले मात्रै कम हो । शुक्रबार नेपालगञ्जसहित कैलालीको धनगढी, डोटीको दिपायल र सुर्खेतको वीरेन्द्रनगरमा अधिकतम तापक्रम ४० डिग्री

सेल्सियस नाघेको हो । धनगढीमा ४२.५, दिपायलमा ४१.२ र वीरेन्द्रनगरमा ४०.४ डिगी सेल्सियस मापन भएको मौसम पूर्वानुमान महाशाखाले आफ्नो वेबसाइटमा बेलुकी ६ बजे जारी गरेको मौसमसम्बन्धी विवरणमा उल्लेख छ। बिहीबार भने अधिकतम् तापक्रम नेपालगञ्जमा ४४.२, धनगढीमा ४४.१, वीरेन्द्रनगरमा ४१ र दाङको घोराहीमा ४०.२ डिग्री सेल्सियस मापन भएको थियो । शुक्रबार नेपालगञ्ज, धनगढी र वीरेन्द्रनगरको अधितम् तापक्रम केही मात्रामा घटेपनि दिपायलमा भने अघिल्लो दिनभन्दा २.६ डिग्री सेल्सियसले बढेको हो । बिहीबार दिपायलको अधिकतम् तापक्रम ३८.६ डिग्री सेल्सियस अथवा खतराको तहमुनि थियो । मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सरोज पुडासैनीका

❖ बाँकी अन्तिम पृष्ठमा

बीएण्डसीमा फेरि सुरु हुने भयो स्वास्थ्य बीमा

झापा(प्रस) । बिर्तामोडको बीएण्डसी हस्पिटलमा साउन १ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम पुनः सञ्चालन हुने भएको छ । दुई वर्षअघि २०७९ साउन १ गते बीएण्डसीले स्वास्थ्य बीमा कार्यक्रम स्थगित गरेको थियो । स्वास्थ्य बीमा बोर्डले उपचारको शोधभर्ना रकमको भुक्तानी लामो समय अड्काएर राखेपछि हस्पिटलले बीमामार्फत उपचार रोकेको थियो ।

बोर्डका अध्यक्ष डा. गुणराज लोहनीले बिर्तामोडको बीएण्डसीसहित देशभरका १० वटा मेडिकल कलेजमा कार्यक्रम सञ्चालनको स्वीकृति प्रदान गरिएको बताए । बीएण्डसीसँगै विराटनगरको नोवेल मेडिकल कलेज र बिराट मेडिकल कलेजमा पनि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुने लोहनीले जानकारी दिए ।

विर्तामोडको विर्ताज्योति आइकेयर हस्पिटलले पनि बीमा कार्यक्रम सञ्चालनको स्वीकृति पाएको छ । बोर्डले केही समयअघि नै स्वीकृति दिने प्रक्रिया पूरा गरे तापनि सरकारको बजेट आउञ्जेल पर्खिएको थियो ।

बीएण्डसी हस्पिटलका जनसम्पर्क अधिकृत प्रमिश गिरीले गत महिना नै बीमा कार्यक्रम पुनः सञ्चालन हुन लागेको जानकारी दिएका थिए । यसअघि बीमा कार्यक्रम लागू हुँदा बीएण्डसी हस्पिटलमा सेवाग्राहीको घुइँचो लाग्ने गरेको थियो ।

चट्याङले झापाका विभिन्न ठाउँमा क्षति

झापा(प्रस) । बिहीवार राति झापाका विभिन्न ठाउँमा परेको चट्याङले क्षति गरेको छ। राति ८ बजेको समयमा वर्षासँगै परेको चट्याङले कचनकवल गाउँपलिका वडा नम्बर ७ फर्साडाँगी बस्ने ४५ वर्षीय देवराज न्यौपानेको मिलघरमा जडान गरेको बिजुलीको मिटरमा आगलागी भएको छ। मिटर पूर्ण रुपमा जल्दा ७ हजार बराबरको क्षति भएको छ। त्यस्तै बिहीवार साँझ ७:३० बजेको समयमा वर्षासँगै परेको चट्याङले झापा गाउँपालिका वडा नं. ३ टाघनडुब्बा बस्ने ३२ वर्षीय अशोक गणेशको इटा सिमेन्टले बनेको टिनको छानो भएको एक तले घरमा जडान गरिएको विजुलीको मिटर, सोलार प्यानल र विजुली तार समेत पूर्ण रुपमा जल्दा अन्दाजी १० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

HONDA
EXCHANGE OFFER
HONDA
जेठ २० देखी २५ गते सम्म
जुनसुकै कम्पनीको बाईक ल्याई
नयाँ बाईक चढेर जानुहोस् ।
बजार मूल्य भन्दा अधिकतम
रू. ६000/- सम्म बढी मूल्याङ्कन
नगद खरिदमा आकर्षक छुट
KAPURI AUTOCORP Pvt. Ltd.
Bhadrapur Road, Birtamode, Jhapa
023-530452 / 9802600519

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने
Chemical free, no side effects
100% Natural
Price
~~Rs. 1500/-~~
Rs. 1050/-
Free Home Delivery
Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

इलाम लीगको उपाधिको लागि रेडहर्स र त्रिवेणी भिड्न

इलाम(प्रस) । एन्फा इलाम जिल्ला लीगको उपाधिको लागि रेडहर्स फुटबल क्लब र त्रिवेणी फुटबल क्लब भिड्ने भएका छन् । इलामको ठुलो टुँडिखेलमा भएको सेमिफाइनल खेलमा रेडहर्सले मिलियन फ्रेन्डस् क्लब (एमएफसी) पान्दाम र त्रिवेणीले फ्रेन्डसिप युथ क्लब गोदकलाई हराउँदै उपाधि होडमा प्रवेश गरेका हुन् । पहिलो सेमिफाइनल खेलमा रेडहर्सले एमएफसीलाई टाइब्रेकरमा हराएको हो ।

निर्धारित समयमा दुवै टिमले १-१ गोलको बराबरी खेलेपछि निर्णयका लागि टाइब्रेकर रोजिएको थियो । टाइब्रेकरमा रेडहर्स ४-२ गोल अन्तरले बिजयी बन्यो । रेडहर्सलाई फाइनल पुऱ्याउन गोलरक्षक निशम दनुवारले निर्णायक भूमिका खेले । उनले एमएफसीको २ टाइब्रेकर प्रहार बचाएका थिए । खेलको सुरुवाती अग्रता रेडहर्सले लिएको थियो । दोस्रो हाफको १४ औ मिनेटमा प्रिन्स शेर्पाले हेडरमार्फत गोल गर्दै अग्रता दिलाए । इन्जुरी समयमा सुशान्त गुरुङले बराबरी गरे ।

दोस्रो सेमिफाइनल खेलमा त्रिवेणीले फ्रेन्डसिपमाथि ३-० गोल अन्तरको जित दर्ता गरेको हो । पहिलो हाफ गोलरहित बराबरी सकिएको खेलमा दोस्रो हाफको ११ औ मिनेटमा अबिरल राईले त्रिवेणीलाई अग्रता दिलाए । अन्तिम मिनेट र अतिरिक्त समयमा मुकेश मगरले गोल गरेपछि त्रिवेणीले रेडहर्ससंग उपाधि भेट पक्का गरेको हो । फाइनल खेल शनिबार हुनेछ ।

विराटनगरमा 'श्रमाधान रोजगार मेला'

झापा(प्रस) । आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्दै वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन कोशी प्रदेशको राजधानी विराटनगरमा 'श्रमाधान रोजगार मेला' सुरू भएको छ। विराटनगरमा बिहीबार आयोजित एक कार्यक्रमका बीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मेलाको उद्घाटन गरेका हुन्। श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजना र नेपाल उद्योग वाणिज्य महासंघको संयोजनमा मेला बिहीबार र शुक्रबार दुई दिन चल्नेछ। सरकारी र निजी क्षेत्रबीचको साझेदारी बढाउँदै रोजगारी सिर्जनालाई प्राथमिकता दिइएको मेलामा आवश्यक सीप र क्षमता विकासका विषयमा पनि जानकारी गराइने छ ।

रोजगारीसँग जोडिएका समस्या र गुनासा सुनेर समाधानका प्रयास हुने नेपाल उद्योग वाणिज्य महासंघले जनाएको छ।

मेलाको मुख्य उद्देश्य रोजगारदाता र कामको खोजीमा रहेका युवालाई एउटै मञ्चमा मिलाउनु, युवाले देशभित्रै काम पाउने वातावरण निर्माण गर्नु रहेको बताइएको छ । मेलामा सामी परियोजना, रेमी योजना, नेपाल उद्योग वाणिज्य महासंघ,नेपाल उद्योग परिसंघ,नेपाल चेम्बर अफ कमर्स,नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ,होटल संघ नेपाल लगायतका ५० वटा स्टल रहने छ । औद्योगिक नगरीका रुपमा चिनिएको विराटनगरस्थित सिटी पार्टी प्यालेसमा जेठ १७ र १८ गते मेला आयोजना हुने छ । मेलामा सात सय जनाको आवेदन आउने र कम्तिमा दुई सय ५० जनाले रोजगारी पाउने अनुमान आयोजकको छ । विराटनगरबाट सुरु भएको सो मेला देशका सातै प्रदेशमा दुई-दुई दिन सञ्चालन हुने बताइएको छ । बागमती प्रदेशमा जेठ ३० गते मेलाको समापन हुनेछ ।

अनुमतिबिना हतियार घर बाहिर लैजान निषेध

झापा(प्रस) । सरकारले कानुन बमोजिम इजाजत प्राप्त गरेका तर यात्रा अनुमति प्राप्त नगरेका हातहतियारहरू घर बाहिर लैजान निषेध गरेको छ। मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्न शुक्रबार सिंहदरबारमा पत्रकार सम्मेलन गर्दै सरकारका प्रवक्ता रेखा शर्माले प्रचलित कानुनबमोजिम इजाजत प्राप्त गरेका तर यात्रा अनुमति प्राप्त नगरेका हातहतियारहरू इजाजत बाहकले घर बाहिर लैजान नपाउने गरी निषेध गरिएको जानकारी दिइन्। यात्रा अनुमति प्राप्त गरेका हातहतियारसमेत तोकिएको स्थानमा लैजान नपाउने गरी निषेध गर्ने निर्णय गरिएको प्रवक्ता शर्माको भनाइ छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश , झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं.-५ बस्ने ईन्द्र बहादुर मगरकी छोरी, सोम बहादुर दर्लामी मगरकी पत्नी, चिना कुमारी दर्लामी मगरको मिति २०८०/१०/०६ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय बिर्तामोडमा रहेको खाता नं. 00101200064522000001 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान सोम बहादुर दर्लामी मगरले मिति २०८१/०२/०९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, बिर्तामोड
फोन नं. ०२३-५३३५६४

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

दलित विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

झापा(प्रस) ।दलित समन्वय समिति रतुवामाई नगरपालिकाले सरकारी विद्यालयमा अध्ययन गरिरहेका बाल कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीलाई निःशुल्क शैक्षिक सामग्री वितरण गरेको छ । नगरपालिकाका ४१ वटा सरकारी विद्यालयमा पढ्ने दलित समुदायका विद्यार्थीलाई विपन्न विद्यार्थी शैक्षिक सामग्री वितरण गरिएको हो ।

नगर प्रमुख नागेश्वरप्रसाद सिंह गनगाईले वडा नं. ३ को महादेवामा बिहीबार शैक्षिक सामग्री वितरण कार्यक्रमको शुभारम्भ गरे । नगरले दलित समुदायका विद्यार्थीलाई शैक्षिक सामग्री वितरणका लागि ५ लाख रुपैयाँ विनियोजन गरेको थियो । नगरका ७ सय ५० विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्ने कार्यक्रम रहेको दलित समन्वय समिति रतुवामाईका अध्यक्ष थर्कबहादुर विश्वकर्माले बताए ।

'लू' को...

अनुसार ४० डिग्री सेल्सियस वा सो भन्दा बढी दरको अधिकतम् तापक्रमले खतराको संकेत गर्छ । एकै स्टेसनमा दुई दिनसम्मको अधिकतम् तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढीका दरले यथावत् रहेमा त्यस क्षेत्रमा तातो हावाको लहर अर्थात 'लू' चलेको मानिन्छ । केही दिनयता लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको तराईका जिल्लाहरुमा 'लू' चलिरहेको मौसम पूर्वानुमान महाशाखाका अर्का मौसमविद् रोजन लामिछानेले बताए ।

केही दिनयता देखिएको तातो हावाको लहरले तराई क्षेत्रको जनजीवन प्रभावित पारेको छ । अत्यधिक गर्मी घट्न बादल लाग्नुपर्छ कि त पानी पर्नुपर्छ । यसबर्षको मनसुन सुरु हुन झण्डै दुई हप्ता बाँकी छँदा आइतबारसम्म बादल लाग्ने वा पानी पर्ने मौसमी प्रणाली नदेखिएको मौसमविद् लामिछानेले बताए ।

'केही दिनयता तातो लहर चलिरहेको छ, गर्मी बढिरहेको छ, जनजीवन र स्वास्थ्यमा असर पार्ने हुँदा सावधानी अपनाउनु जरुरी छ,' उनले सुझाव दिए । मौसम पूर्वानुमान महाशाखाले शुक्रबार साँझ ५ बजे तातो लहर सम्बन्धी बिशेष बुलेटिन सार्वजनिक गर्दै कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ र कपिलवस्तुमा तातो लहरको चेतावनी जारी गरेको छ ।

'लू' ले थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता हुनसक्छ । यसबाट बच्न गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसंग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन उपायहरु सुझाइएको छ ।

केही दिनयता अधिकतम् तापक्रम बढेसंगै अत्यधिक गर्मीको महसुस गरिएको छ । तर, झण्डै तीन दशकअघि अहिलेसम्मकै सबैभन्दा बढी अधिकतम् तापक्रम मापन भएको जल तथा मौसम विज्ञान विभागको अभिलेखमा उल्लेख छ । सन् १९९५ जुन ५ अर्थात ०५२ साल जेठ २२ मा सबैभन्दा धेरै धनगढीमा ४६.४ डिग्री सेल्सियस अधिकतम् तापक्रम मापन भएको थियो ।

जुन्, अधिकतम् तापक्रम सन् १९७६ देखि अहिलेसम्मकै सबैभन्दा उच्च रहेको मौसमविद् लामिछानेले बताए । 'अत्यधिक गर्मी हुने, उखरमाउलो हुने भन्ने व्यक्तिमा तापक्रम सामना गर्न सक्ने क्षमतामा भर पर्ने हो, सन् १९९५ को गर्मी अहिलेसम्मकै सबैभन्दा बढी हो,' उनले भने । सन् १९७६ देखि सन् २०२० सम्म ४५ बर्षको तथ्यांक केलाउँदा अधिकतम् तापक्रम भैरहवामा सन् १९९५ मे ३ मा ४५.२ डिग्री सेल्सियस, दिपायलमा सन् २०१४ जुन ८ मा ४५.२ डिग्री सेल्सियस, नेपालगञ्जमा सन् १९९५ जुन १६ मा ४५ डिग्री सेल्सियस, सुर्खेतमा सन् २०१२ जुन १४ मा ४२.८ डिग्री सेल्सियस, विराटनगरमा सन् २०१२ जुन १४ मा ४२.८ डिग्री सेल्सियस, दाङमा सन् २०१५ मे ३१ मा ४१.९ डिग्री सेल्सियस, जोमसोममा सन् १९८९ जुन ११ मा ३३.३ डिग्री सेल्सियस मापन भएको थियो ।

तपसिलमा उल्लेखित ऋणीको धितो रहेको चल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१५
प्रकाशित मिति २०८१/०२/१९

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **७ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **८ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथमूकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

क्र.सं.	ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण	कर्जा शिर्षक	धितो सुरक्षणको विवरण
१	**शखा कार्यालयः शिवगञ्ज** **ऋणी/धितो जमानीकर्ताः** प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग अर्न्तगत घरेलु तथा सना उद्योग कार्यालय, भद्रपुर झापामा मिति २०७२/११/०६ मा प्रा.फ.र.नं. ५७३/८५०५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. १ स्थित श्री स्वर्ण लक्ष्मी ज्वेलर्सका तर्फबाट ऐ. फर्मका प्रोप्राईटर मानबिर लाम्गादेको नाती, बिर्ख बहादुर लाम्गादेको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल सोहि स्थानमा बस्ने, मिति २०६६/०४/०८ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ०४१०३३/९४६ भएको वर्ष ३२ को **दिपेश लाम्गादे** ।	**चालुपूँजी कर्जा, ब्यक्तिगत ओडी कर्जा** **डिमान्ड कर्जा र व्यवसायिक आवधिक कर्जा**	दिपेश लाम्गादेको नाममा भुमिसूधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. १ स्थित कि.नं. १८१५,१२१५ र १६३५ को क्षेत्रफल क्रमशः ०-१-०, ०-०-१०(९९८.९६ ब.मी. को घर समेत) र ०-०-१५ (बि.क.धू) साथै भुमिसूधार तथा मालपोत कार्यालय भद्रपूर, झापामा दर्ता कायम रहेको झापा जिल्ला सूरुङ्गा गा.वि.स. वार्ड नं. ४ स्थित कि.नं. ५८५६,५८५५ र ५८५७ को क्षेत्रफल क्रमशः ०-२-०, ०-१-०/०-४-१० (बि.क.धू) र भुमिसूधार तथा मालपोत कार्यालय भद्रपूर झापामै दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वार्ड नं. ९ स्थित कि.नं. १२२ र १२६ को क्षेत्रफल क्रमशः १४७०.५५ र २३६५.५५ (ब.मि.) भएको जग्गा र सो उल्लेखित घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।
	व्यक्तिगत जमानतकर्ता नाम : ममता विश्वकर्मा लाम्गादे बाबु : टेक बहादुर विश्वकर्मा पति : दिपेश लाम्गादे ना.प्र.नं :- ०४-०२-७५-०१८५४(झापा) ठेगानाः- झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ६ बस्ने ।		

शर्तहरुः-

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्बर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

लूबाट बचौं

बिहीबार अधिकतम् तापक्रम नेपालगञ्जमा ४४.२, धनगढीमा ४४.१, वीरेन्द्रनगरमा ४१ र दाङको घोराहीमा ४०.२ डिग्री सेल्सियस मापन भएको थियो । जल तथा मौसम विज्ञान विभागले तराईको केही भूभागमा अत्यधिक गर्मी हुने हुँदा सचेत रहन आग्रह गरेको छ । विभागले अझै तातो हावा तथा तातो लहरको सम्भावना भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

लुम्बिनी, मधेश प्रदेशका तराई भूभागका केही स्थानमा र पहाडी भूभागका उपत्यका तथा खोँचहरूमा अझै अत्यधिक गर्मीको सम्भावना रहेकाले सचेत रहन आग्रह गरेको हो ।

तापक्रम एक्कासि बढेपछि तातो हावा अर्थात् 'लू' चल्ने सम्भावना बढी हुन्छ । कन्सल्टेन्ट फिजिसियन डा.धुव्र गैरेले 'लू'का कारण टाउको दुख्ने, वान्ता हुने, बेहोस हुने जस्ता स्वास्थ्य समस्या देखिने बताउँछन् ।

डा.गैरेका अनुसार 'लू'का कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, वान्ता हुने जस्ता लक्षण देखिने गर्दछन् । तातो हवाका कारण बालबालिका वृद्धवृद्धा तथा दीर्घरोगी बढी प्रभावित हुने उनको भनाइ छ । ''यदि स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रहन उहाँको सुझाव छ,'' उनी भन्छन्, ''यदि तातो हावाका कारण मुटुको चाल तीव्र हुने श्वासप्रश्वासमा समस्या हुने, रक्तचाप कम हुने, शरीरबाट पसिना निस्कने, टाउको अत्यधिक दुःखने, चक्कर लाग्ने, ज्वरो आउने जस्ता समस्या देखिए बिरामीलाई तुरुन्त अस्पतालमा लैजानुपर्छ ।''

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तातो हावा बच्न गर्मीको समयमा दिउँसो सकभर घर बाहिर ननिस्कन आग्रह गरेको छ ।

यदि घर बाहिर निस्कनै परेमा छाता ओढ्ने वा पातलो कपडाले टाउको छोप्न, हाल्का खालको शीतल हुने कपडा लगाउन मन्त्रालयले आग्रह गरेको छ ।

प्रशस्त मात्रामा पानी पिउने, बेलाबेलामा चिसो पानीले नुहाउने, खेतबारीमा वा घर बाहिर काम गर्दा बिहान वा बेलुकाको समयमा गर्ने, कागती पानी, नरिवलको पानी तथा फलफूलको रस पिउने, काँक्रोलगायत घरमै बनाएको ताजा खानेकुरा खान मन्त्रालयको आग्रह छ । साथै चिया, कफी, सोडा जस्ता पेयपदार्थ नपिउन, धूम्रपान तथा मदिरा सेवन नगर्न मन्त्रालयको सुझाव छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

धूम्रपानरहित नेपाल

• डा. प्रकाश बुढाथोकी

कुनै पनि एकल रोगभन्दा बढी मृत्युकारक रोग निम्त्याउने पदार्थ धूमपान हो । यसले २५ किसिमका विभिन्न रोग प्रत्यक्ष किसिमले र विभिन्न दुई तिहाइजति क्यान्सर बनाउँछ । सुर्ती सेवनले असर नपार्ने शरीरको कुनै पनि अङ्ग, तन्तु छैन । सुर्तीजन्य पदार्थले अल्पकालीन तथा दीर्घकालीन गरी थुप्रै रोग लगाउँछ ।

धूमपानमा हुने प्राणघातक रसायनले शरीरको प्रतिरक्षात्मक प्रणालीलाई कमजोर बनाउँछन्, जसबाट शरीरमा विभिन्न रोग लाग्ने सम्भावना बढेर जान्छ । प्रतिरक्षा प्रणाली कमजोर भएकै कारण कपाल झर्ने, मुखमा घाउखटिरा हुने, तालु खुइलिने, हातमा पाप्रा आउने रोग लुपस इरिथ्रिमेटोसस, निको पार्न गाह्रो हुने तथा बारम्बार बल्झिरहने पेटको अल्सर, छाला पत्रिँदै फुस्रिने छालाको नसर्ने रोग सोराइसिस, क्षयरोग, निमोनिया जस्ता रोग लाग्छन् । यसले खेलाडीमा चाँडै थाक्ने र स्टामिना घटाउँछ । ३० वर्षको धूमपानकर्ता र ४२ वर्षको धूमपान नगर्नेले १६ किलोमिटर बराबर समयमा पुरा गर्छन् । एक खिल्ली चुरोट प्रतिदिन खानाले ४० सेकेन्ड दौड्ने क्षमता कम गराउँदै लगेको वैज्ञानिक पुष्टि पनि छ ।

सुर्तीमा भएको निकोटिनले अम्मली बनाउनुका साथै मस्तिष्क र स्नायुमा पुगी रिँगटा लाग्ने, कम निद्रा लाग्ने, सुत्दा निद्रा नलाग्ने र मस्तिष्क शिथिल बनाउँछ । दाँत बिग्रने, औँलाहरू र नङ पहेँलो हुने, कालो हुने, रक्तनली र झल्झबहरूमा निकोटिन जम्दै जाँदा साघुरिएर मुटुसम्बन्धी रोग, थोम्ब्रोएन्जाइटिस अवलिटरेनस, बर्गर रोग, हृदयाघात, मस्तिष्कघात, कान पाक्ने, श्रवणशक्ति कम हुने, बहिरो हुने, पक्षाघात, स्नायु, नसा र धमनी सुन्निने, कपाल, लुगा फोहोर हुने आदि बनाउँछ ।

चुरोटमा हुने कार्बनमोनोअक्साइड ग्यासले रगतको अक्सिजन बोक्ने क्षमतालाई १५ प्रतिशतले बाधा पुऱ्याइ हाड कमजोर हुने, घाउ निको हुन लाग्ने समय ८० प्रतिशतले बढ्ने, पाँच गुणा बढी ढाड दुख्ने सम्भावना, दम बढ्ने, दीर्घखोकी, पीपयुक्त खकार तथा खोक्न र श्वास फेर्न कठिन बनाउँछ । मोतियाबिन्दु पनि धूमपानले बनाउन सक्छ भन्ने ४० प्रतिशतभन्दा बढी धूमपानीमा आँखाको दृश्यशक्तिलाई कमजोर पार्दै नदेख्ने बनाएकोबाट प्रमाणित भएको छ । धूमपानको धुवाँले आँखालाई पीडा तथा संवेदनशील बनाएर र फोक्सोबाट रगत हुँदै आँखामा पुग्ने सुर्तीका रसायनले रेटिनाको मध्यभागमा क्षति पुऱ्याउँछ ।

धूमपानले छालालाई चुस्त बनाउने भिटामिन ए को शोषणमा अवरोध गर्छ र रक्तसञ्चारलाई नियन्त्रण गर्ने तथा प्रोटिनको नास गर्छ, त्यसैले धूमपानीमा बुढ्यौली लाग्नु अगावै छाला चाउरी पर्ने, ओठ र आँखाको छेउको छालामा फुस्रो, सानो सानो मुजा पर्ने समस्या देखिन्छ । मुटुसम्बन्धी रोग उब्जाउने प्रमुख कारण धूमपान हो, जसका कारण विकासोन्मुख मुलुकमा १० लाखभन्दा बढी र विकसित मुलुकमा छ लाखभन्दा बढी व्यक्ति मर्ने गरेका छन् । मुटुको धड्कन तीव्र पार्ने, रक्तचाप बढाउने, उच्च रक्तचापको सम्भावना हुने, हृदयाघातको कारण बन्न सक्छ धूमपान ।

धूमपान र क्यान्सर

धूमपानमा भएका करिब ६० वटा क्यान्सर लगाउन सक्ने तत्व, कार्सिनोजनहरूले शरीरका विभिन्न अङ्गप्रत्यङ्गमा क्यान्सर लगाउन सक्छन् । सामान्य व्यक्तिलाई भन्दा धूमपानको अम्मलीलाई दुई गुणा बढी छालाको क्यान्सर, मेलानोमा, पाठेघर, स्तन तथा मूत्रथैलीको क्यान्सर, २२ गुणा बढी फोक्सोको क्यान्सर, दुई गुणा बढी जिब्रोको क्यान्सर, ६-२७ गुणा बढी मुख, ऱ्याल ग्रन्थी र श्वासनलीको क्यान्सर, १२ गुणा बढी घाँटीको क्यान्सर हुन्छ । ८-१० गुणा बढी भोजन नलीको क्यान्सर, १०-१८ गुणा बढी भोजन नलीको क्यान्सर, २-३ गुणा बढी आमाशयको क्यान्सर, पाँच गुणा बढी मिर्गौलाको क्यान्सर, २/५ गुणा बढी प्यान्क्रियाजको क्यान्सर, तीन गुणा बढी आन्द्राको तथा ५/६ गुणा बढी गुदद्वारको क्यान्सर हुने सम्भावना रहन्छ । जसले बढी मात्रामा र बढी समयसम्म र बढी निकोटिन, टार तथा कार्सिनोजन भएका सुर्ती सेवन गरिरहेको हुन्छ, उसलाई विभिन्न खाले क्यान्सर हुने सम्भावना त्यही अनुपातमा बढ्ने गर्छ ।

ई सिगरेट (भेप)

जीवनको कुनै पनि बिन्दुमा ई सिगरेट र भेप पिएका व्यक्तिलाई हृदयाघातको जोखिम १९ प्रतिशतले बढी देखिने एक लाख ७० हजार बढी संलग्न र ४५ महिनासम्म फलो अप एक ठुलो अमेरिकन अध्ययनले देखाएको छ । ग्लोबल एडल्ट टोबाको सर्भेक्षणले

ई सिगरेट प्रयोगकर्ताको संख्या कुल जनसंख्याको ०.०२ प्रतिशत छ । वार्षिक ३२ लाख थान र ३२ अर्ब बराबरको व्यापार भइरहेको छ । बजारमा १० देखि १३ हजारसम्म पर्ने यो डिभाइस हानिका साथै धेरै बिदेसिने र भित्रिनेमा पनि ठगी भइरहेको थियो । एक करोड व्यक्तिले एक अर्ब रुपियाँ धुवाँमा उडाउँछन् । ई चुरोट लत छाडने यन्त्र होइन, यसले प्रयोगकर्ताको स्वास्थ्य, परिवार र समाजमा खतरा निम्ताइरहेको छ ।

बजेटबाट वैधानिकता दिइँदै

निर्देशिकामा निषेध गर्ने नै लेखिएको तथा सर्वोच्चले कार्यान्वयन गर्नका लागि क्लिन चिट दिएको ई चुरोटलाई बजेटमा कर बढाउने भनी बाचन गरियो । एक महिना पहिले अर्थात् वैशाख १७ गते मात्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रले १० वर्ष पहिलेको निर्देशिका कार्यान्वयन गर्न, ई चुरोट आयात गर्न नमिल्ने भन्दै अर्थ मन्त्रालयलाई ध्यानाकर्षण गराएको थियो । अर्थमन्त्री वर्षमान पुनले जेठ १५ गते प्रस्तुत गरेको बजेट र त्यसलगत्तै आएको अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको विधेयकमा विद्युतीय चुरोट भेपमा ४० प्रतिशत कर लगाउने उल्लेख छ ।

सार्वजनिक स्थलमा धूमपान

धूमपान गर्ने व्यक्तिले फालेको धुवाँ हावामा उसको वरपर रहेको व्यक्तिले लिनुलाई निष्क्रिय धूमपान भनिन्छ । चुरोटबाट निस्कने धुवाँमध्ये २५ प्रतिशत धूमपान गर्ने व्यक्तिले लिन्छ र ७५ प्रतिशत हावामा फ्याल्ने गर्छ जुन निष्क्रिय धूमपान कर्ताले सेवन गर्छन् । हावामा फालिएको धुवाँमा धूमपान गर्ने व्यक्तिले तानेको धुवाँमा भन्दा दुई गुणा निकोटिन, तीन गुणा कार्बन टार, पाँच गुणाभन्दा बढी कार्बन मोनोअक्साइड र ५० गुणाभन्दा बढी क्यान्सरजन्य रसायन हुन्छन् । फलस्वरूप निष्क्रिय धूमपानकर्ता पनि धूमपानसम्बन्धी थुप्रै प्राणघातक रोग लाग्ने जोखिममा रहन्छन् । निष्क्रिय धूमपानले गर्भको शिशुदेखि वृद्धवृद्धा सबैलाई असर पार्छ ।

एक खिल्ली चुरोट करिब १२ मिनेटसम्म बल्छ भने चुरोट पिउनेले एक मिनटमा दुई सर्को मात्र तान्छ र त्यसैमा पनि बाहिर हावामा फ्याँक्छ जसले गर्दा वरपरका सबै व्यक्तिले आफ्नो इच्छाविपरीत र अन्जानमा निरन्तर धुवाँ सेवन गर्न पुग्छन् र सक्रियसरह हानिको भागेदार हुन्छन् । धूमपानको धुवाँमा २०० भन्दा बढी विषालु र ५० भन्दा बढी क्यान्सरका रसायन पाइन्छन् । चुरोट खाने व्यक्तिसँगै बस्नेलाई समेत फोक्सोको क्यान्सर हुने सम्भावना ३० प्रतिशत बढी हुने तथ्याङ्कले देखाएको छ । त्यसै गरी चुरोटको धुवाँले वयस्कलगायत बालबालिकामा समेत दम, ब्रोङकाइटिस, निमोनिया, श्वासप्रश्वासको अन्य सङ्क्रमण र कानको सङ्क्रमण बहिरोपना गराउँछ । बालकहरू ख्याउटे, स्वाँ-स्वाँ गरिरहने, कान पाक्ने, कान नसुन्ने, सुकुटे हुनुका साथै सक्रिय धूमपानकर्तामा झैँ अन्य रोग देखिन्छन् ।

धूमपानले स्वास्थ्यमा प्रतिकूल असर पार्छ नै त्यति मात्र नभई आर्थिक, सामाजिक, पारिवारिक र वातावरणीय दृष्टिकोणले पनि ठुलो नोक्सानी पुऱ्याउँछ । सुर्ती रोपेदेखि सुर्तीजन्य पदार्थ उत्पादन गर्ने क्रममा कैयौँ कामदार अम्मली बन्छन्, जसबाट अम्मली व्यक्तिको खर्च बढी परिवारका लागि आवश्यक गाँस, बास र कपासको व्यवस्थापनमा असर पार्छ र कलह निम्त्याउँछ । फलस्वरूप सामाजिक कुसंस्कारमा फस्छन् । सुर्तीजन्य पदार्थले कम्पनीलाई मुनाफा, राष्ट्रलाई राजस्व दिन्छ तर अम्मली तथा उसका साथी, परिवार, समाजलाई केवल कष्टकर प्राणघातक रोग र मृत्यु मात्र दिन्छ ।

नागरिकलाई अस्वस्थ बनाउने कुनै पनि उद्योग चलाएर राजस्व सङ्कलनको लोभ राख्नु आत्मघाती कदम त हो नै त्यो राजस्वभन्दा बढी १४ अर्ब रुपियाँ गरी कुल ४७ अर्ब उत्पन्न रोग उपचारमा खर्च गर्नु अविवेकी निर्णय पनि हो । उत्पादित क्यान्सरका बिरामीलाई मासिक पाँच हजार समेत भत्ता दिन्छ ।

समस्या समाधानमा सहयोग पुऱ्याउन सुर्ती सेवनबाट उत्पन्न जटिलता, खतरा, सुर्ती एवं चुरोट उत्पादक कम्पनीहरूको व्यापारिक नीति तथा सुर्ती मन्दविष र कडा लागुपदार्थ हेरोइन, कोकिनको प्रवेशद्वार भएको बारे आमनागरिकलाई जानकारी गराई सुर्ती सेवन निरुत्साहित पार्नु पर्छ । अहिलेको डरलाग्दो अवस्थालाई कम गर्न वा निर्मूल गर्न विश्व स्वास्थ्य सङ्गठनद्वारा हरेक वर्ष झैँ यस वर्ष पनि मे ३१ मा 'सुर्ती उद्योगको प्रभावबाट बालबालिकालाई बचाऔँ' भन्ने नाराका साथ मनाइएको छ । एकातिर बालबालिका, स्कुले छात्रछात्रामा लत बस्न नदिनु हो भने अर्कोतिर लत बसिसकेकालाई लत छोडाउनु तथा रोगीलाई उपचार गर्नु पनि हो । तैपनि उपचार गर्न अम्मल हटाउनुभन्दा लत लाग्न नदिनु नै श्रेयष्कर हुन्छ जुन कुरा जनचेतना र उपलब्धतामा बन्देजबाट मात्र सम्भव हुन्छ । कानुनतः ई सिगरेट प्रतिबन्ध लागिसकेको वर्तमान अवस्थामा बहुरूपी मन्दविष सुर्तीका सबै प्रकार र रूपलाई बन्देज गरी नेपाललाई सुर्तीरहित मुलुक बनाउन हामी सबै अग्रसर हुन जरुरी छ ।

व्यक्तित्व विकासका अवसर

• निशा चौधरी

शिक्षा विकासको आधार हो । शिक्षा एक आधारभूत मौलिक अधिकार पनि हो । परिष्कृत एवं मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यमशीलता विकासको आधारसमेत शिक्षा हो । शिक्षाको समान अवसर विश्वव्यापी मान्यता हो । सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपछि यसको घोषणापत्रको बडापत्रमा जाति, लिङ्ग, भाषा वा धर्मका आधारमा भेदभाव नराखी सबै नागरिकलाई शिक्षा दिनुपर्ने कुरा लेखिएको छ ।

शिक्षामा समान अवसरले सम्पूर्ण बालबालिकालाई शिक्षा प्रदान गर्ने मान्यता छ तर देशको भौगोलिक, आर्थिक स्थिति र व्यक्ति तथा समाजको अवस्थाले सम्पूर्ण बालबालिकाले समान रूपबाट शिक्षा प्राप्त गर्ने मौका पाएका हुँदैनन् । अधिकारको पूर्ण उपयोग र अरूको सहअस्तित्व स्वीकार गरी आफ्नो कर्तव्यप्रति सचेत र प्रतिबद्ध हुनु सही अर्थमा सामाजिक न्याय हो । खराब के हो ? असल के हो ? पत्ता लगाउनु, कसैलाई थिचोमिचो नगर्नु, कसैलाई पनि भेदभाव नगर्नु, सहअस्तित्व स्विकार्नु, समभाव राख्नु सामाजिक न्याय हो । गरिब, धनी, सम्पन्न, विपन्न, जातजाति, भाषा, धर्म, आदि कुनै पनि अवस्थालाई आधार मानेर विभेद नगरी समान दृष्टिले सबैलाई समान तरिकाले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नु सामाजिक न्याय हो ।

पछिल्लो शैक्षिक तथ्याङ्कले लैङ्गिक समता सूचकाङ्क करिब समदरमा पुगेको देखिन्छ । नेपालको संविधानको धारा १८ मा राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने उल्लेख गरिएको छ । संविधानमा शिक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा उल्लेख गरिएको छ । देशका सबै नागरिकले शिक्षा पाउनु पर्छ भन्ने राज्यको नीति हो । धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरिएको छ । संविधानले अपाङ्गता भएका र दलित बालबालिकालाई उच्च शिक्षासम्म निःशुल्क रूपमा शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितता प्रदान गरेको छ । त्यसैगरी विशेष असहाय र अपाङ्गता भएका बालबालिकालाई सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ ।

कानुनमा यस्तो उल्लेख भए पनि अझै पनि शिक्षामा समान अवसर कायम हुन सकेको छैन । देशका दूरदराजका बालबालिका विद्यालयबाहिर छन् ।

विद्यार्थीको सिकाइ उपलब्धि अत्यन्तै निराशाजनक छ । निकै कम विद्यालय मात्र बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र विपत्प्रतिरोधी छन् । अशिक्षा, पछौटेपन र चेतनाको अभाव व्याप्त छ । कोभिड-१९, भूकम्प, बाढीपहिरोलगायतका प्राकृतिक प्रकोपबाट प्रभावित भएका बालबालिकालाई विद्यालयमा शैक्षिक गतिविधि अगाडि बढाउन कठिन छ । समाजमा अर्थिक एवं सामाजिक रूपले पछाडि परेका, विपन्न र सुविधाविहीन समुदाय एवं फरक क्षमता भएका बालबालिकालाई विद्यालयको मूलप्रवाहमा ल्याउन सकिएको छैन । घरबारविहीन, सुकुमवासी, पूर्वकमैया, कमलरी, हलिया, लोपोन्मुख जातिका बालबालिकालाई विद्यालय शिक्षाको मूलधारमा ल्याउन सकिएको छैन । गरिबी, सामाजिक बहिष्करण, अपाङ्गता, बसाइँसराइ, बालश्रम, बालविवाह, सामाजिक कुप्रथा तथा लैङ्गिक भेदभाव आदिका कारण सबै बालबालिकाले विद्यालयमा भर्ना हुन र नियमित उपस्थित हुन, तोकिएको सिकाइ उपलब्धि हासिल गर्न सकिरहेका छैनन् । शिक्षाको अवसरबाट वञ्चित भएका, सिकाइलाई निरन्तरता दिन नसकेका, अध्ययन पूरा नगरी बिचैमा छाडेका विद्यार्थिको संख्या धेरै छ ।

जहाँ समस्या हुन्छ, त्यहाँ उपाय पनि हुन्छ । शिक्षामा समतामूलक र सहभागितामूलक पहुँचका लागि शिक्षक, अभिभावकमार्फत पिछडिएको क्षेत्रमा प्रारम्भिक सिकाइको पहुँच वृद्धि गर्नु पर्छ । सबै बालबालिकाको अधिकारको सम्मान गर्दै कुनै भेदभाव गर्नु हुँदैन । तथ्यमा आधारित नीतिगत पैरवीमार्फत विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु पर्छ । विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्न र शिक्षकमा प्रविधिसँग सम्बन्धित दक्षता विकासका लागि उपयुक्त वातावरण तयार गर्नु पर्छ । समाजमा आर्थिक एवं सामाजिक रूपले पछाडि परेका विपन्न र सुविधाविहीन समुदाय एवं फरक क्षमता भएका बालबालिकालाई विद्यालयको मूलप्रवाहमा ल्याउनु पर्छ । अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षण विधि र अपाङ्गतामैत्री विद्यालयको संरचना कार्यान्वयन गर्न आवश्यक छ । कक्षाकोठालाई पठनपाठनमा नवीन प्रयोग र अनुसन्धानमुखी बनाउनु पर्छ । बालबालिकालाई उनीहरूको उमेर, शारीरिक एवं मानसिक विकास तथा क्षमताका आधारमा रोजगारमूलक शिक्षाको व्यवस्था गर्नु पर्छ । शिक्षाको अवसर सबैका लागि समान रूपमा उपलब्ध हुनु पर्छ र यस्तो अवसरबाट कोही पनि विमुख हुनु नपर्ने सुनिश्चित गर्नु पर्छ । औपचारिक तथा अनौपचारिक दुवै परिप्रेक्ष्यमा जीवनोपयोगी सिपमा आधारित पाठ्यक्रम निर्माण गरी बालबालिकाको जीवनोपयोगी सिपमा सुधार ल्याउनु पर्छ । बालबालिकामा अन्तर्निहित क्षमता प्रस्फुटन गर्न/गराउन कक्षाकोठामा मात्र शिक्षण सिकाइ प्रक्रियालाई सीमित नराखी समुदाय र वातावरणबाट पनि शिक्षकले धेरै कुरा सिकाउन सक्ने भएकाले उनीहरूलाई गीत, नाच, खोजपूर्ण कार्य, कथा, कविता, खेल जस्ता मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न गराउनु पर्छ । सबै बालबालिकाले उच्च गुणस्तरको शिक्षा प्राप्त गर्ने, सिक्ने र व्यक्तिगत विकासको अवसर प्राप्त गर्नु पर्छ । साथै शिक्षाका सबै पक्षमा बालबालिकालाई प्रोत्साहित गर्नु पर्छ । सुरक्षित, सहयोगी, सक्षम र बालमैत्री वातावरणमा शिक्षा प्रदान गर्नु पर्छ; जसले सिकाइ र व्यक्तित्व विकासलाई सहयोग पुऱ्याउँछ । शिक्षासँग सम्बन्धित समस्या समाधानका लागि नीतिगत र संरचनागत प्रबन्धलाई प्रभावकारी र नतिजामूलक बनाउनु आवश्यक छ ।

अन्त्यमा, शिक्षा चेतनाको ऊर्जा हो । शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकालाई समावेशी, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र विपत्प्रतिरोधी सिकाइ वातावरण निर्माण गरी समतामूलक पहुँच र गुणस्तर वृद्धि गर्नु शिक्षाको आधुनिक चिन्तन हो । त्यसैले सबै बालबालिकालाई शिक्षाको समान अवसर प्रदान गर्नु पर्छ । यस कार्यमा तीन वटै तहका सरकारले पनि ध्यान दिनु पर्छ । कानुनी मान्यता दिएर मात्र सुविधाविहीन समूहले शिक्षाको अवसर प्राप्त गर्न सक्दैनन् । यसर्थ राज्यले शिक्षाबाट वञ्चितका लागि शिक्षाको सहज पहुँच पुऱ्याउन ठोस कार्ययोजना बनाउन आवश्यक छ ।

श्रमिकका परिवारलाई औषधी उपचार सुविधा

झापा(प्रस) । योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध भई निरन्तरता दिने वैदेशिक रोजगारीमा गएका श्रमिक र अनौपचारिक एवं स्वरोजगार क्षेत्रका श्रमिकका परिवारलाई औषधी उपचार सुविधा दिने घोषणा भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले विराटनगरबाट बिहीबारदेखि सुरु भएको श्रमाधान रोजगार मेलाको उद्घाटन कार्यक्रममा उनले सो घोषणा गरेका हुन् ।

सामाजिक सुरक्षा कोषका प्रवक्ता विवेक पन्थीले यसअघि २०७९ पुसदेखि औपचारिक क्षेत्रका योगदानकर्ताका श्रीमान् या श्रीमतीलाई औषधी उपचार सुविधामा समेटेको कोषले १७ जेठदेखि कार्यान्वयन हुने गरी वैदेशिक रोजगारीमा गएका, विदेशमा स्वरोजगार र अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकका परिवारले औषधी उपचार सुविधा पाउने गरी कार्यविधि संशोधन गरेको जानकारी दिए ।

नयाँ व्यवस्था अनुसार यससँगै अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारीमा गएका श्रमिकका श्रीमान्, श्रीमती र १८ वर्ष उमेर नपुगेका छोराछोरीले वार्षिक एक लाख रुपियाँसम्मको औषधी उपचार सुविधा पाउने भएका छन् ।

कोषले अनौपचारिक र वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवारलाई नै उपचार सुविधामा समेट्ने गरी तीन महिनाअघि नै कार्यविधि संशोधन गरेको र बिहीबारदेखि कार्यान्वयनमा आएको कोषका प्रवक्ता पन्थीले जानकारी दिए । उनले अनौपचारिक र वैदेशिक रोजगारीमा गएका श्रमिकका लागि कोषले उपचार सुविधा पाउनयोग्य समयावधिलाई नौ महिनाबाट घटाएर तीन महिनामा झारेको पनि जानकारी दिए । प्रवक्ता पन्थीले यसअघि कोषमा योगदान गर्न थालेको नौ महिनापछि मात्र उपचार सुविधाका लागि योग्य हुने व्यवस्था रहेकामा अबदेखि तीन महिनाको नियमित योगदानपछि नै योग्य हुने गरी कार्यविधि संशोधन गरिएको बताए ।

भद्रपुरका १६५ किशोरीलाई आत्मरक्षा तालिम

झापा(प्रस) । विद्यालयमा अध्ययनरत भद्रपुरका किशोरीहरूलाई जीवन उपयोगी सीपसम्बन्धी आत्मरक्षा तालिम दिइएको छ । भद्रपुर नगरपालिकाले तीन चरणमा नगरका १६५ जना किशोरीहरूलाई आत्मरक्षा तालिम दिएको हो । सामाजिक विकास शाखाले भद्रपुर- २ स्थित राधाकृष्ण मन्दिरको हलमा ५० जनालाई, भद्रपुर- ५ स्थित भद्रपुर माविमा ५० जनालाई र भद्रपुर- ८ स्थित मेची रङ्गशालाको कभर्ड हलमा ६५ जनालाई आत्मरक्षा तालिम दिएको थियो । कक्षा ८, ९ र १० मा अध्ययनरत सामुदायिक र निजी विद्यालयका छात्राहरू तालिममा सहभागी भएको सामाजिक विकास शाखा प्रमुख जीवनकला राउतले जानकारी दिइन् । नगरपालिकाले समुदाय-प्रहरी साझेदारीअन्तर्गत किबशोरीहरूलाई लक्षित जनचेतनामूलक प्रशिक्षण प्रदान गरिएको उनले बताइन् ।

भद्रपुर नगरपालिकाको सामाजिक विकास शाखाले संयोजन गरेको तालिममा प्रहरी चौकी जलथलका प्रमुख, प्रहरी सहायक निरीक्षक ओमराज पौडेलले लागूऔषध, घरेलु हिंसा, महिला तथा बालबालिकामाथि हुने अपराधका विषयमा जनचेतनामूलक प्रशिक्षण दिएका थिए । त्यस्तै, भद्रपुर नगरपालिका सामाजिक विकास शाखाका सञ्जु कोइराला, कराते प्रशिक्षक सौरभ प्रधान, आत्मरक्षा प्रशिक्षक सम्झना सारु मगर र विद्यालय नर्स रविना राजवंशीले समेत सहभागीहरूलाई प्रशिक्षण प्रदान गरेका थिए । सो तालिममा सहभागीहरूलाई नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरूले प्रमाणपत्र वितरणसमेत गरेका थिए ।

कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप ल्याइँदै

झापा(प्रस) । सरकारले कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएसँगै कोरोनाविरुद्धको थप खोप ल्याउने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कोरोना भाइरसविरुद्धको खोप ल्याउने छ महिनाअघिको तयारी रहेको र अहिले नयाँ भेरियन्ट ‘केपी १’ ‘केपी २’ ‘केपी ३’ र ‘केपी ४’ देखिएसँगै थप ल्याउन लागिएको हो ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप ल्याउन लागिएको जानकारी दिए ।

“कोरोनाविरुद्धको खोप नियमित दिइरहेका छौँ । अहिले रहेको खोपको मौज्दात पनि सकिन थालेको छ”, उनले भने, “महामारी भइसकेपछि पनि सधैँ तयारी अवस्थामा बस्नुपर्ने हुन्छ । अहिले नयाँ भेरियन्ट पनि देखिएको छ । त्यसैले खोप ल्याउन थालेका हौँ ।”

अहिले स्वास्थ्य विभागसँगै एक लाख मात्रा मात्र खोप मौज्दात रहेको छ । उनले छ-छ महिनामा कोरोना भाइरसको नयाँ भेरियन्ट पनि देखिएको र खोप ल्याउने पहिलेको तयारी रहेको बताए ।

उनका अनुसार ग्लोबल एलाएन्स फर व्याक्सिन एण्ड इमुनाइजेसन (गाभी)ले फाइजरको ‘मनोभ्यालेन्ट’ खोप अनुदानमा उपलब्ध गराउने छ । अहिले पनि विदेश जाने, ज्येष्ठ नागरिक र दीर्घरोगीले नियमित कोरोना भाइरसविरुद्धको खोप लगाउने गर्दछन् । सरकारी अस्पतालमा अहिले पनि कोरोना भाइरसविरुद्धको खोप लगाउने गरिन्छ ।

सुपारी प्रशोधनका लागि ४० लाख अनुदान

झापा(प्रस) । झापामा सुपारी प्रशोधनका लागि ४० लाख रुपैयाँ अनुदान दिइएको छ । कृषि ज्ञान केन्द्रले जिल्लाका सात वटा सुपारी उद्योगलाई सुपारी छोडाउने मेसिन र टहरा निर्माणका लागि ४० लाख अनुदान उपलब्ध गराएको हो ।

केन्द्रका निमित्त प्रमुख सागर विष्टले कोशी प्रदेश सरकारले ‘सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरण सहयोग’ कार्यक्रमअन्तर्गत किसानलाई पाँच लाखदेखि सात लाख ५० सम्म उपलब्ध गराएको जानकारी दिए । लाभग्राहीको २५ प्रतिशत र सरकारको ७५ प्रतिशत लागत सहभागितामा सुपारी छोडाउने मेसिन र टहरा निर्माणका लागि अनुदान रकम उपलब्ध गराइएको निमित्त प्रमुख विष्टले बताए । मेसिनले प्रतिघण्टा चार सय केजी सुपारी प्रशोधन गर्न सक्नेछ । झापामा तीन हजार हेक्टरमा सुपारी खेती गरिएको छ भने वार्षिक १० हजार मेट्रिक टन सुपारी उत्पादन हुने गरेको छ ।

फिल्म ‘दान्भी’को ट्रेलर सार्वजनिक

झापा(प्रस) । आगामी असार ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म ‘दान्भी’को ट्रेलर सार्वजनिक भएको छ । दुई मिनेट ४० सेकेन्डको ट्रेलरमा फिल्मकी मुख्य अभिनेत्री पूजा शर्माको पहाडी, किरण श्रेष्ठ, राजाराम पौडेललगायतका कलाकारको अभिनय छ ।

फिल्मका कार्यकारी निर्माता पवन राना मगर हुन् भने फिल्मका निर्माता देव मगर तथा अनुप गडाल हुन् । फिल्ममा कमला

एक्सन अवतार देख्न सकिन्छ । ट्रेलरमा पूजालाई ‘लेडी टाइगर’का रुपमा चित्रण गरिनुकासाथै फिल्ममा पूजा र नायक कुन्साङ बोम्जनबीचको प्रेमलाई देखाइएको छ । नेपाल र भारतका विभिन्न स्थानमा खिचिएको फिल्ममा विशाल लिम्बू, पन्चबहादुर तामाङ र आदर्श पौडेल सह-निर्माता छन् । हरिप्रसाद घलेको छायांकन रहेको फिल्ममा, बन्दे प्रसादको सम्पादन, श्री श्रेष्ठको एक्सन, कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी रहेको छ ।

पृथ्वी सबैको साझा घर हो ।
वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।
मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिड्डुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिड्डुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।

थप जानकारीको लागि:

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

वृष आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

मिथुन सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

कर्कट जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

सिंह सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

कन्या मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

तुला कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

वृश्चिक आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

धनु आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

मकर नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

कुम्भ ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

मिन आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ